# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, वैशाख २० गते २०३४ साल**

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

खण्ड २६ मिति २०३३।४।१ अतिरिक्तांक १० (क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा ३ को सट्टा श्री ५ को सरकारको मिति २०३४।१।१४ को निर्णयानुसार देहायको दफा ३ राखिएको छः–

३. मकवानपुर जिल्लामा कित्ता नापीको सिलसिलामा उठेको समस्या समाधान गर्न जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ को उप–दफा ७ अन्तर्गतका मुद्दाहरू र भुमि-सम्बन्धी ऐन, २०२१ को दफा ३१ (क) अन्तर्गतका मोहियानी हक सम्बन्धमा मकवानपुर जिल्ला अदालत र जिल्ला भुमिसुधार कार्यालय मकवानपुरमा दायर रहेका मुद्दाहरू र सोही मुद्दाको जरियाबाट परेको र पर्ने भएको सट्टे कीर्तेसम्बन्धी उजूरी लिई कारवाई र किनारा गर्न यस विषेश अदालतलाई तोकिएको तथा सुम्पिएको छ।

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।